# बीमा समिति
# BEEMA SAMITI

CHABAHIL KA.MA.PA.-7
P.O.BOX NO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : bsib.org.np


बीमा समिति-२०४९ Insurance Board-1992

मिति २०७१।०४।१९

परिपत्र ०१
नि.शा. ०२ (०७१/७२) च.नं.१००

(०१) श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०२) श्री दि ओरियण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०३) श्री नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०४) श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०५) श्री यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
(०६) श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
(०७) श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
(०८) श्री नेको इन्सुरेन्स लिमिटेड
(०९) श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड
(१०) श्री एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड
(११) श्री एन.वि.इन्सुरेन्स कम्पनी लिमिटेड
(१२) श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड
(१३) श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
(१४) श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
(१५) श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
(१६) श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
(१७) श्री राष्ट्रिय बीमा कम्पनी लिमिटेड

विषय :- अनुदान रकम सम्बन्धमा ।

यस समितिमा प्राप्त श्री कृषि विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौको मिति २०७१।०४।१५ च.नं.२८ को पत्र सम्बन्धमा लेखिदैछ ।

उपर्युक्त सम्बन्धमा चालु आ.व.२०७१।०७२ को बजेट बक्तव्य र नीति तथा कार्यक्रमको बुँदा नं.८१ मा पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशत सम्म अनुदान दिने व्यवस्था भएकोले सोही अनुसार गर्न गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

संलग्न: उपरोक्तानुसारको पत्रको छायाँ प्रति पाना-२

(दिपक ढकाल)
सहायक निर्देशक

नेपाल सरकार

# कृषि विकास मन्त्रालय

## कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा

फोन नं. : ४२११९१५
४२११८२७
फ्याक्स नं. : ४२११८३९
४२११९३५

सिंहदरबार,
काठमाण्डौ, नेपाल

पत्र संख्या : व्य.प्र/२०७१/७२
च.नं. : २८

मितिः २०७१।४।१५

विषय : पशु पंक्षि तथा बाली बिमा सम्बन्धमा ।

श्रीमान् अध्यक्ष ज्यू,
बिमा समिति
चावहिल,काठमाण्डौं ।

प्रस्तुत विषयमा नेपाल सरकारको चालु आ.व.२०७१/७२ को बजेट वक्तव्य र नीति तथा कार्यक्रमको बुंदा नं.८१ मा पशुपंक्षि तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशत सम्म अनुदान दिने व्यवस्था भएकोले सोही अनुसार गर्न गराउनको लागि उक्त बीमा कार्यक्रममा संलग्न सबै बीमा कम्पनीहरुलाई जानकारी एवं कार्यार्थ निर्देशन गरि दिनु हुन यसै पत्र साथै उक्त बजेट वक्तव्यको बुंदा नं ८१ रहेको पेजको छायाप्रति संलग्न राखि पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

(विजय कुमार मल्लीक)
सह सचिव

बोधार्थ :
श्रीमान् महानिर्देशक ज्यू,
पशु सेवा बिभाग , हरिहरभवन : जि.प.से.का.लगायत सरोकारवालाहरु लाई मा जानकारी पठाउनु हुन ।
श्रीमान् महानिर्देशक ज्यू,
कृषि विभाग , हरिहरभवन : जि.कृ.वि.का.लगायत सरोकारवालाहरु लाई मा जानकारी पठाउनु हुन ।
डा.श्री दीनेश प्रशाद पराजुली
पशु सेवा विभाग, हरिहरभवन : जि.प.से.का.लगायत सरोकारवालाहरु लाई मा जानकारी पठाउनु हुन ।
श्री शिवसुन्दर घिमिरे
प्रविधि विस्तार,कृषि बिभाग,हरिहरभवन : जि.कृ.बि.का.लगायत सरोकारवालाहरु लाई मा जानकारी पठाउनु हुन ।

O/C

वा भैंसी पाल्ने पशु फार्मले पैठारी गर्ने एउटा ढुवानी साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु। यसैगरी मिल्किङ मेसिन तथा मासुजन्य पदार्थको ढुवानीमा प्रयोग हुने रेफ्रिजेरेटेड भ्यानको आयातमा पूरै भन्सार छूट गरेको छु।

७९. किसानहरूलाई उन्नत नश्ल उपलब्ध गराउन स्रोत केन्द्रहरूको विकास तथा गाईको बाच्छी मात्र उत्पादन हुने नश्ल उपलब्ध गराइनेछ। बीस वटा भन्दा बढी उन्नत नश्लका गाई सहित दुग्ध व्यवसाय गर्ने किसानले खरिद गर्ने मिल्किङ मेसिनको लागतको ५० प्रतिशत अनुदान दिइनेछ।

८०. चिया उद्योगलाई प्रोत्साहन गर्न यस्ता उद्योगले तिरेको मूल्य अभिवृद्धि करको ५० प्रतिशत छूट दिने व्यवस्था गरेको छु। चिया उत्पादन तथा प्रशोधन उद्योगहरुले चिया ढुवानीको लागि पैठारी गर्ने ढुवानीको साधनमा लाग्ने भन्सार महसूलमा पचास प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु। सिटिसि चिया उद्योगका लागि चिया उत्पादक संघको सिफारिसमा अनुदानको मल उपलव्ध गराउने व्यवस्था गरेको छु।

८१. पशुपंक्षी तथा बाली बीमाको प्रिमियममा ७५ प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाएको छु।

८२. आगामी वर्ष २ लाख ५५ हजार मेट्रिक टन रासायनिक मल अनुदानको व्यवस्था गरेको छु। यसको लागि रू. ५ अर्व ४८ करोड विनियोजन गरेको छु। कृषक समूह सहकारीलाई भर्मिकम्पोष्ट लगायतका प्राङ्गारिक मल उत्पादन लागतमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। विषादि तथा रासायनिक मल प्रयोग नगरी जैविक खेती गर्ने गाउँ विकास समितिहरूलाई कृषि क्षेत्रमा खर्च गर्न नियमित अनुदानमा २५ प्रतिशत थप गर्ने व्यवस्था गरिनेछ।

८३. कृषि अनुसन्धानलाई उत्पादन र उत्पादकत्व वृद्धितर्फ लक्षित गरिनेछ। कृषि अनुसन्धान कार्यक्रमलाई सुदृढ ग र्न रू. १ अर्ब ७८ करोड विनियोजन गरेको छु।